आज मिति २०८१-०८-०५ गते बुधबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको पाचौं (आ.ब. ०८१/०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (१ .वडा नं) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं. ७) | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १५ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री दिपेन्द्र खड्का | अ. सव-इन्जिनियर | |

CamScanner

मितिः २०८१ मंसिर ५गते बिहीबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः५

प्रस्तावहरुः

१) जग्गा प्राप्ति सम्बन्धमा।

२) आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धमा।

३) राष्ट्रिय मानव अधिकार आयोग, स्थानीय समन्वय समिति गठन गर्ने सम्बन्धमा।

४) नयाँ निर्मित मुख्य प्रशासनिक भवन व्यवस्थापन सम्बन्धमा।

५) टुहुरा आवाशिय विद्यालयमा वाइरिङ र बालबालिकाहरूलाई लुगा व्यवस्थापन गर्ने सम्बन्धमा।

६) वास कार्यक्रम संचालन सम्बन्धमा।

७) अ.न.मी. पदपूर्ति गर्ने सम्बन्धमा।

८) सडक बोर्डबाट मर्मत तथा निर्माण गरिने सडक सम्बन्धमा।

निर्णयहरू:

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस के.आई.सिंह गाउँपालिकामा तपशील बमोजिम प्रयोजनका लागि देहाय अनुसारको जग्गा सःशुल्क प्राप्ति गर्नु पर्ने भएकोले ती जग्गा यथाशिघ्र प्राप्ति गर्ने निर्णय गरियो।

| क्र.सं. | निर्माण गरिने संरचना/ ठाउँ | क्षेत्रफल | सीमा | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
| १ | मुख्य प्रशासनिक भवनमा पहुँचका लागि बाटो | ५०८.७२ वर्ग मिटर | मुख्य प्रशासनिक भवन र मुख्य सडकसँग जोडिएको बाटो हुनु पर्ने | | | |
| २ | खेलमैदान, वडा नं. १ | ५०८.७२ वर्ग मिटर | लोली गाउँ | अल्लेवन घाटलाय सडक | गोरेटो बाटो | अल्लेवन घाटलाय सडक |
| ३ | संग्रहालय प्राङ्गण विस्तार, वडा नं.१ | १०१७.४४ वर्ग मिटर | संग्रहालयको प्राङ्गणसँग जोडिएको हुनु पर्ने | | | |
| ४ | बालविकास भवन, वडा नं. ४ | ५०८.७२ वर्ग मिटर | घट्टीगाड | बाटो | बेतालमाणु मन्दिर | प्रेम बि.क.को घर |

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा योजनाबद्ध विकास मार्फत यस के.आई.सिंह गाउँपालिकाको सर्वांगिण विकास गर्नका लागि आवधिक योजना र मध्यमकालिन खर्च संरचना तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको र उक्त कार्यका लागि विशेष किसिमको ज्ञान, सीप, क्षमता भएका जनशक्ति आवश्यकता पर्ने भएको साथै कार्यालयमा त्यस किसिमको जनशक्ति नभई मौजुदा जनशक्तिबाट उक्त कार्य सम्पादन गर्न सम्भव नरहेकोले परामर्श सेवाबाट आवधिक योजना र मध्यमकालिन खर्च संरचना तर्जुमा गर्ने निर्णय गरियो।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजना( आ.व.०७७/०७८-०८१/०८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-०८२)को कार्यान्वयनको सुनिश्चितता, कार्ययोजना कार्यान्वयनका लागि क्रियाकलाप संचालन गर्न वडालाई निर्देशन दिन, कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा समन्वय र सहजीकरण र कार्यान्वयनको स्थिति समीक्षा गर्न देहाय अनुसारको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो।

तपशीलः

मितिः २०८१ मंसिर ५गते बिहीबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः५

| क्र.सं. | गा.पा.पद | नाम, थर | पद |
|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | श्री लोकेन्द्र बहादुर शाही | संयोजक |
| २ | गा.पा. उपाध्यक्ष | श्री मिना देवि बिष्ट | सदस्य |
| ३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर बम | सदस्य |
| ४ | वडा अध्यक्ष | श्री नेत्र बहादुर रावल | सदस्य |
| ५ | वडा सदस्य | श्री राम बहादुर कुवँर | सदस्य |
| ६ | वडा सदस्य | श्री जय बहादुर धामी | सदस्य |
| ७ | वडा सदस्य | श्री दुर्गा बहादुर रावल | सदस्य |
| ८ | वडा सदस्य | श्री कृष्ण प्रसाद जैसी | सदस्य |
| ९ | वडा सदस्य | श्री दिल बहादुर बलायर | सदस्य |
| १० | स्वास्थ्य शाखा प्रमुख | श्री नवीन माझी | सदस्य |
| ११ | कृषि शाखा प्रमुख | श्री यज्ञ बहादुर रावल | सदस्य |
| १२ | महिला, बालबालिका शाखा | श्री तोयानाथ भट्ट | सदस्य |
| १३ | रोजगार संयोजक | श्री बिरेन्द्र साउँद | सदस्य |
| १४ | वि.वि.स. अध्यक्ष | श्री रामचन्द्र राणा | सदस्य |
| १५ | रेडक्रस सोसाइटी | श्री विश्वनाथ पाठक | सदस्य |
| १६ | समाजसेवी | श्री तारा देवी बलायर | सदस्य |
| १७ | वायल प्रहरी चौकी प्रमुख | श्री कुलबीर बोहरा | सदस्य |
| १८ | प्रमुख प्रशासकीय अधिकृत | श्री हिमाल डगौरा | सदस्य-सचिव |

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा के.आई.सिंह गा.पा.ले आ.व.०८१-०८२ मा नयाँ प्रशासनिक भवनमा अन्य व्यवस्थापन खर्च शीर्षकमा रू. ६५(पैसठ्ठी) लाख रकम विनियोजन गरेकोमा उक्त रकमबाट गाउँपालिकाले तपशील अनुसार कार्य गर्ने निर्णय गरियो।

तपशीलः

१) पर्खाल निर्माण

२) प्रशासनिक भवनका लागि पानी व्यवस्थापन

३) प्रशासनिक भवनका लागि फर्निचर, कार्पेट, पर्दा लगायत अन्य सामग्री व्यवस्थापन

निर्णय नं. ५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा टुहुरा बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितताका लागि यस गा.पा.को वडा नं. ४ पिल्लेकाँडा स्थित सरस्वती आ.वि.मा संचालनमा रहेको आवाशिय विद्यालय व्यवस्थापनका लागि विद्युतीय वायरिङ गर्दा खर्च भएको रकम भुक्तानी गर्ने र बालबालिकाहरूका लागि हिउँदमा लगाउने न्यानो कपडाहरू खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल यस के.आई. सिंह गाउँपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) लाई व्यवस्थित गर्दै समग्र विकासका लागि खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको र उक्त कार्य कार्यालयमा रहेका मौजुदा जनशक्तिबाट गर्न सम्भव नरहेकोले परामर्श सेवाबाट पालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गर्ने निर्णय गरियो।

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस के.आई.सिंह गा.पा.मा अ.न.मी. पदमा जनशक्ति रिक्त भई महिला सँग सम्बन्धित स्वास्थ्य सेवा प्रवाह गर्न समस्या हुने गरेकोले १(एक) जना अ.न.मी. करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो।

CamScanner

मितिः २०८१ मंसिर ५गते बिहीबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः५

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सडक बोर्ड नेपालबाट यस के.आई.सिंह गा.पा.लाई प्राप्त हुन आएको बजेट रू. ३१,००,०००|-(एकतिस लाख) र गाउँपालिकाबाट २०% बजेट साझेदारी गरी देहायका सडक मर्मत तथा निर्माण सम्बन्धी कार्यहरू गर्ने निर्णय गरियो।

तपशिलः

| सडकको नाम | बजेट(गा.पा.बाट २०% साझेदारी सहितको रकम) |
|---|---|
| करतोला देखि  स्वास्थ्य कार्यालय हुँदै ढडेलमाण्डौं सडक र सरस्वती मा.बि.देखि पातल सम्म सडक ,वडा नं ५ | 801927 |
| बाजपान्ने देखि वडा कार्यालय सम्म सडक वडा नं १ | 700762.8 |
| बन्नेखोला चन्केशैन सडक वडा न ४ | 576369.58 |
| बोरीडाँडा कलारै विद्यालयसम्म सडक वडा न ७ | 846214.01 |
| अनागाढ देखि नारी तलकोट सडक वडा न २ र ३ | 794244.97 |
| जम्मा रकम | 3719518.359 |

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्थानीय सडक मर्मत सम्भार तथा स्तरोन्नती खर्च शीर्षकबाट रू. ८,९९,७१९|- बराबर रकमले वडा नं. ३ को सलकट्टे, बर्मा, चमड्याम, अनागाढ सडक निर्माण तथा मर्मत सम्भार गर्ने निर्णय गरियो।

आज मिति २०८१-०८-२१ गते बुधबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको छैठौं (आ.ब. ०८१-०८२) बैठक, देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष ( वडा नं. १) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| १० | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १४ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भण्डारी बलायर | का.बा. वडा अध्यक्ष (वडा नं. ७) | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |

CamScanner

मितिः २०८१ मंसिर २१ गते शुक्रबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः६

प्रस्तावहरुः

१) ट्रेक्टर चालक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा।

२) IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

३) अन्तिम यात्रालाई सहज बनाउने सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णयहरूः**

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिकामा रहेको ट्रेक्टर संचालन गरी आन्तरिक आय वृद्धि र विकास निर्माण तथा गाउँपालिकाका विभिन्न सामानहरू ढुवानीलाई सहज गर्नका लागि चालकको आवश्यकता रहेकोले ट्रेक्टर चालक करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा के.आई.सिंह गा.पा. भएर बग्ने सेती नदीका तोकिएका स्थानबाट ढूंगा, गिट्टी, वालुवा लगायत नदीजन्य पदार्थ संकलन, बिक्री वितरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन उपर छलफल गरी स्वीकृत गरियो।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व.०८१-०८२ को नीति तथा कार्यक्रममा के.आई.सिंह गा.पा. बासीहरूको मृत्यु भएमा अन्तिम यात्रालाई निःशुल्क गर्ने घोषणा गरिए बमोजिम गरिब, विपन्न नागरिकहरूको अन्तिम यात्रालाई व्यवस्थित गर्न 'अन्तिम यात्रालाई सहज बनाउने सम्बन्धी मापदण्ड, २०८१' स्वीकृत गरियो।